# भगवानपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १ मितिः २०८१/०७/२६

भगवानपुर गाउँपालिकाको गाउँ कार्यपालिकाबाट जारी "**भगवानपुर गाउँपालिकाका कर्मचारीहरूको तहवृद्धि/स्तरवृद्धि सम्बन्धी कार्यविधि, २०८१**"

# भगवानपुर गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको तह वृद्धि/स्तर वृद्धि सम्बन्धी कामकाजलाई व्यवस्थित गर्न बनाइएको कार्यबिधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः-२०८१/०७/२६

**प्रस्तावना ः-**

मधेशप्रदेशको "स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन,२०८१" बमोजिम भगवानपुर गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको तहवृद्धि/स्तरवृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित रपारदर्शी ढंगलेकार्यान्वयन गर्न वाञ्छनीय भएकोले ऐनको दफा १५५ले दिएको अधिकार प्रयोग गरी भगवानपुर गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ।

१. **संक्षिप्त नाम र पारम्भः-**(१) यो कार्यविधिको नाम **" भगवानपुर गाउँपालिकाका कर्मचारीहरूको तहवृद्धि/स्तरवृद्धि सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट निर्णय भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "ऐन" भन्नाले मधेश प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१लाई सम्झनुपर्छ।

(२)**"कर्मचारी"** भन्नाले भगवानपुर गाउँपालिकाको स्थानीय तहमा नियुक्ति / समायोजन / सरुवा तथा पदस्थापन भई बहाल रहेको स्थायी कर्मचारीलाई सम्झनुपर्छ ।

(३)**"कार्यालय"** भन्नाले भगवानपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, भगवानपुर, सिरहालाई सम्झनुपर्दछ।

(४)**"गाउँपालिका"** भन्नाले भगवानपुर गाउँपालिका, सिरहालाई सम्झनुपर्दछ ।

(५)**"गाउँकार्यपालिका"** भन्नाले भगवानपुर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(६)**"प्रदेश लोक सेवा आयोग"** भन्नाले मधेश प्रदेशको प्रदेश लोकसेवा आयोग, जनकपुरधामलाई सम्झनु पर्दछ।

(७)**"तहवृद्धि /स्तरवृद्धि"** भन्नाले ऐनको दफा २९ बमोजिम हुने कर्मचारीको तहवृद्धि /स्तरवृद्धि सम्झनु पर्दछ।

(८)**"प्रदेश किताबखाना"** भन्नाले मधेश प्रदेशको किताबखानालाई सम्झनुपर्दछ।

(९)**"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले भगवानपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(१०)**"समिति"** भन्नाले ऐनको दफा२९ को उपदफा(५) बमोजिमको तहबृद्धि/स्तर वृद्धि सिफारिस समिति सम्झनुपर्दछ।

**३. <u>सूचना प्रकाशन गर्ने :-</u>**(१) ऐनको दफा २९ को उपदफा(४) बमोजिम गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीको तहवृद्धि/स्तरवृद्धिको लागि प्रत्येक वर्षको जेठ र मंसिर महिनामा कम्तीमा एक महिनाको म्याद दिई दरखास्त आह्वान सम्बन्धी सूचना गाउँपालिकाको सूचनापाटी तथा वेवसाइटमा प्रकाशन गर्नुपर्नेछ।

४. **<u>निबेदन दिनुपर्नेः-</u>** दफा ३ को उपदफा (१)बमोजिम प्रकाशित सूचना बमोजिम सम्भाव्य उम्मेदवारले देहायका कागजातहरू संलग्न राखी निवेदन दिनुपर्नेछ ।

(क) शुरु नियुक्ति पत्रको प्रतिलिपि,

(ख) समायोजन पत्रको प्रतिलिपि,

(ग)तहवृद्धि/स्तर वृद्धि/बढुवा/तह कायम भएको पत्रको प्रतिलिपि,

(घ)सेवा संग सम्बन्धित बिषयमा न्युनतम शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपि तथा पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र),

५. **<u>सिफारिस समितिः-</u>** (१) ऐन बमोजिम तहवृद्धि/स्तरवृद्धि गर्ने प्रयोजनका लागि ऐनको दफा २९ को उपदफा (५) बमोजिमको देहाय अनुसारका पाँच सदस्यीय तहवृद्धि/स्तर वृद्धि सिफारिस समिति रहनेछ ।

१.प्रमुख प्रशासकीय अधिकृत - **संयोजक**

२.गाउँपालिकाको कार्यपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी- १ जना -सदस्य

३.गाउँपालिकाको कार्यपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी- १ जना- सदस्य

४. गाउँपालिकाको कार्यपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी- १ जना-सदस्य

५.गाउँपालिकाको कार्यपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी- १ जना- सदस्य-सचिब

(२)समितिको बैठक संचालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

६. **<u>आवश्यक न्यूनतम योग्यता र सेवाअवधिः-</u>**(१) ऐन बमोजिम तहवृद्धि/स्तर वृद्धि हुनका लागि सेवा संग सम्बन्धित विषयमा आवश्यक न्युनतम शैक्षिक योग्यता र सेवा अवधि उक्त ऐनले तोके बमोजिम हुनेछ ।

७. **<u>जेष्ठता गणना सम्बन्धित व्यवस्थाः-</u>**स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ प्रारम्भ हुनु भन्दा पहिला अधिकृतस्तर सातौं तह (राजपत्रांकित तृतीय श्रेणी) को न्युनतम शैक्षिक योग्यता मांग गरी अधिकृतस्तर छैठौं तहमा नियुक्ति/स्तरवृद्धि/बढुवा गरिएका कर्मचारीहरुको अधिकृतस्तर सातौं तहको जेष्ठता अधिकृतस्तर छैठौं तहको नियुक्ति मिति देखि गणना हुनेछ ।

८. **<u>बाधा अड्काउ फुकाउनेः-</u>** कार्यविधिको कार्यन्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार मधेश प्रदेश कानुन मन्त्रालय र मधेश प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

९. **<u>तहवृद्धि/स्तरवृद्धि गर्न नहुने</u>**ः-ऐनको दफा ३२ बमोजिम अयोग्य भएका कर्मचारीहरूको तहवृद्धि/स्तर वृद्धि गरिने छैन।

१०. **<u>तहवृद्धि/स्तर वृद्धि गर्नुपर्नेः-</u>** ऐन बमोजिम तहबृद्धि/स्तरबृद्धिका लागि निवेदन दिएका कर्मचारीहरूको तहबृद्धि/स्तरवृद्धिको लागि समतिले दरखास्त दिने म्याद सकिएको मितिले १५ दिनभित्र तहबृद्धि/स्तर वृद्धिको लागि सिफारिस गरिसक्नुपर्नेछ र सो सिफारिस प्राप्त भएको मितिले ७ दिनभित्र ऐनको दफा १५ को उपदफा (१)बमोजिम अख्तियारवालाले निर्णयगरी नियमानुसार अनुसूची-४ अनुसारको तहबृद्धि/स्तर बृद्धिको पत्र दिनुपर्नेछ।

११. **<u>सार्वजनिक गर्नेः-</u>**तहबृद्धि/स्तर वृद्धि भएका कर्मचारीहरूको विवरण गाउँपालिकाले आफ्नो सूचना पाटी र वेवसाइटमा प्रकाशन गरी सार्वजनिक गर्नुपर्नेछ।

१२. **<u>सचिवालयः-</u>**तहबृद्धि/स्तर वृद्धि सम्बन्धी कार्य गर्न कार्यालयको प्रशासन शाखाले सचिवालयको काम गर्नेछ।

१३. **<u>जानकारी दिनुपर्नेः-</u>**. ऐन बमोजिम गरिएको तहबृद्धि / स्तरबृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिनभित्र मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोक सेवा आयोग र प्रदेश किताबखानालाई दिनुपर्नेछ ।

१४. **<u>उजुरी/गुनासोः-</u>** तहबृद्धि/स्तर वृद्धिको निर्णय उपर चित नवुझेमा निर्णयको सूचना प्रकाशन भएको मितिले १५दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

१५. **<u>प्रचलित कानुन बमोजिम हुनेः-</u>**यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. सेवा/समूह/उप-समूह तथा पदनाम सम्वन्धी व्यवस्था :

(१) ऐनको दफा ३ को उपदफा १ बमोजिमका सेवाहरु रहेनछन् ।

(२) ऐनको दफा २९ को उपदफा १ र २ बमोजिम तह वृद्धि गर्दा देहाय बमोजिम गरिनेछ :

| | | | | | |
|---|---|---|---|---|---|
| **स्थानीय/नेपाल ईन्जिनियरिङ्ग सेवा** | **सहायक पाँचौ तहबाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय ईन्जिनियरिङ्ग सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | ईन्जिनियर |
| | **अधिकृत सातौ तहबाट अधिकृत आठौ तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय ईन्जिनियरिङ्ग सेवा | सातौ तहमा रहेकै कायम हुने | सातौ तहमा रहेकै कायम हुने | आठौं | ईन्जिनियर |
| | **अधिकृत नवौ तहबाट अधिकृत दशौ तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय ईन्जिनियरिङ्ग सेवा | नवौं तहमा रहेकै कायम हुने | नवौं तहमा रहेकै कायम हुने | दशौं | ईन्जिनियर |
| **स्थानीय कृषि सेवा** | **सहायक पाँचौ तहबाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय कृषि सेवा | पाँचौ तहमा रहेकै | पाँचौ तहमा रहेकै | छैठौं | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कायम हुने | कायम हुने | | |
| | **अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय कृषि सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | |
| | **अधिकृत नवौ तहबाट अधिकृत दशौं तहमा तह वृद्धि हुदा** | | | | |
| | स्थानीय कृषि सेवा | नवौं तहमा रहेकै कायम हुने | नवौं तहमा रहेकै कायम हुने | दशौं | |
| **स्थानीय/नेपाल प्रशासन सेवा** | **सहायक पाँचौ तहबाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय प्रशासन सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | अधिकृत |
| | **अधिकृत सातौ तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय प्रशासन सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | अधिकृत |
| | **अधिकृत नवौ तह बाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय प्रशासन सेवा | नवौं तहमा रहेकै कायम हुने | नवौं तहमा रहेकै कायम हुने | दशौं | अधिकृत |

| | सेवा | समूह | उपसमूह | तह | पदनाम |
|---|---|---|---|---|---|
| नेपाल विविध सेवा | **सहायक पाँचौ तहबाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा ऐनको दफा ३ को उप दफा ४ बमोजिम** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय प्रशासन सेवा | सामान्य प्रशासन | | छैठौं | अधिकृत |
| स्थानीय/नेपाल वन सेवा | **सहायक पाँचौ तहबाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय वन सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | |
| | **अधिकृत सातौं तहबाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय वन सेवा | सातौ तहमा रहेकै कायम हुने | सातौ तहमा रहेकै कायम हुने | आठौं | |
| | **अधिकृत नवौं तहबाट अधिकृत दशौं तहमा तह वृद्धि हुदा** | | | | |
| | स्थानीय वन सेवा | नवौं तहमा रहेकै कायम हुने | नवौं तहमा रहेकै कायम हुने | दशौं | |
| स्थानीय/नेपाल शिक्षा सेवा | **सहायक पाँचौ तहबाट अधिकृत छैठौं तहमा तह वृद्धि हुदा** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय शिक्षा सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | शिक्षा अधिकृत |
| | **अधिकृत सातौं तहबाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय शिक्षा सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | शिक्षा अधिकृत |
| | **अधिकृत नवौं तहबाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय शिक्षा सेवा | नवौं तहमा रहेकै कायम हुने | नवौं तहमा रहेकै कायम हुने | दशौं | शिक्षा अधिकृत |
| स्थानीय/नेपाल स्वास्थ्य सेवा | **सहायक पाँचौ तहबाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय स्वास्थ्य सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | |
| | **अधिकृत छैठौं तहबाट अधिकृत सातौ तहमा तह वृद्धि हुँदा** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय स्वास्थ्य सेवा | छैठौं तहमा रहेकै कायम हुने | छैठौं तहमा रहेकै कायम हुने | सातौं | |
| | **अधिकृत सातौं तहबाट अधिकृत आठौं तहमा तह वृद्धि हुदा** | | | | |
| | स्थानीय स्वास्थ्य सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | |
| | **अधिकृत नवौं तहबाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय स्वास्थ्य सेवा | नवौं तहमा रहेकै कायम हुने | नवौं तहमा रहेकै कायम हुने | दशौं | |

**१७. <u>वचाउः-</u>**योकार्यविधि प्रारम्भ हुनुभन्दा पहिले प्रचलित ऐन, कानुन बमोजिम/स्थनीयतहले कानून निर्माण गरी गरिएका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

## अनुसूची - १

<u>विषय : तह वृद्धि/स्तरवृद्धि सम्बन्धी सूचना ।</u>

उपरोक्त सम्बन्धमा मधेश प्रदेशको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा......... बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्ने सम्बन्धी व्यवस्था अनुसार यस गाउँपालिकामा कार्यरत स्थानीय तहमा नियुक्ति भएका कर्मचारीले तह वृद्धि/ स्तरवृद्धि प्रयोजनार्थ तपसिलका कागजात सहित मिति .................... मसान्त भित्र यस कार्यालयको कर्मचारी प्रशासन शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबै कर्मचारीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**<u>तपसिलः</u>**

१. निवेदन

२. सुरु नियुक्ति पत्रको प्रतिलिपी

सरुवा तथा रमानापत्रको प्रतिलिपी

..........................................

प्रमुख प्रशासकीय अधिकृत

**<u>वोधार्थः</u>**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम ।

श्री जिल्ला प्रशासन कार्यालय, सिरहा ।
श्री निजामति कितावखाना, हरिहरभवन, ललितपुर ।
श्री सवै वडा कार्यालयहरु भगवानपुर गाउँपालिका, भगवानपुर, सिरहा ।
श्री सूचना प्रविधि शाखा, भगवानपुर गाउँपालिका, सिरहा । (सूचना web Site मा अपलोड गरिदिनुहुन)

**विषयः- तह वृद्धि/स्तर वृद्धि गरिएको वारे ।**

महाशय,

मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा ५ बमोजिमको तह वृद्धि/स्तर वृद्धि सिफारिस समितिको सिफारिस र मिति .............. को भगवानपुर गाउँपालिका, गाउँकार्यपालिकाको निर्णयानुसार तपाईलाई देहाय बमोजिम तह वृद्धि/स्तर वृद्धि गरिएको छ ।
तह वृद्धि/स्तर वृद्धि हुनु भएकोमा हार्दिक बधाई छ ।

| कर्मचारीको हालको विवरण | कर्मचारीको तह वृद्धि भएको विवरण |
|---|---|
| पदः .......................... <br>स्तर/तहः ......................... <br>सेवा/समूहः ............................ <br>कार्यालयः ............................... <br>नियूक्ति मितिः .............................. | पदः .................... <br>स्तर/तहः ....................... <br>सेवा/समूहः .............................. <br>कार्यालयः ............................... <br>ज्येष्ठता लागु हुने मितिः ......................... |

कर्मचारीको नामः ..........................
संकेत नम्वरः ..................

.................................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम ।



भगवानपुर गाउँपालिका

श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम, धनुषा ।
श्री राष्ट्रिय किताबखाना(निजामती), हरिहरभवन, ललितपुर ।
श्री प्रदेश किताबखाना, मधेश प्रदेश, जनकपुरधाम ।
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौ ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, जनकपुरधाम ।
श्री आर्थिक प्रशासन शाखा, भगवानपुर गाउँ कार्यपालिकाको कार्यालय,भगवानपुर, सिरहा ।

आज्ञाले
चन्द्र नारायण चौधरी
प्रमुख प्रशासकीय अधिकृत

भगवानपुर गाउँपालिका